लेखापरीक्षण प्रतिवेदन

साईपाल गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

साईपाल गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/191

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
साईपाल गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
बझाङ।

कैफियतसहितको राय।

हामीले साईपाल गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१ करोड ११ लाख ४९, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रू.४ करोड ९१ लाख ५७ हजार, गरिवसँग विश्वेश्वर कार्यक्रमको रू.४ लाख १५ हजार र शिक्षा तथा मानव विकास केन्द्रको रू.१७ लाख ४ हजार समेत रू.६ करोड २४ लाख २५ हजार समावेश गरेको छैन।
2. गाँउपालिकाको रू.५३ करोड ४० लाख ९८ हजार लेखापरीक्षण गरिएकोमा रू.२३ लाख ८६ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.३ लाख १९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ६९ हजार, नियमित गर्नुपर्ने रू.१४ लाख ९८ हजार र पेस्की बाँकी रू.१ लाख रहेको छ। गत वर्षसम्म रू.९ करोड ७२ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.९ करोड ९६ लाख ४४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाँउपालिका व्यवस्थापनमा रहेको छ।गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछर्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३२	२१	२३८६१२७	०	०	०	०	३२	२१	२३८६१२७	३१८९९८	१४९८३६९	४६८७६०	०	०	१९६७१२९	१०००००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बझाङ	९७२५८०००	०	०	९७२५८०००	०	२३८६१२७	९९६४४१२७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
०	०	०	०	०

(८०७७०५०१३०० - साईपाल गाउँपालिका, बझाङ)

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ। स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १४६७.२७ वर्ग किलोमिटर तथा २१८२ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१६ देखि २०८१।०५।२० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय – व्ययतर्फ रु.५३ करोड ४० लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

२ बित्तीय प्रतिवेदनः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		४,६३,६१,२६८.०९	०	४,६३,६१,२६८.०९	४,७७,५५,०१५.८८	०	४,७७,५५,०१५.८८
१३०००	अनुदान		१४,९१,२७,८४८.२०	०	१४,९१,२७,८४८.२०	१६,४९,२७,७८३.००	०	१६,४९,२७,७८३.००
१४०००	अन्य राजस्व		१०,६५,७७२.६४	०	१०,६५,७७२.६४	०	०	०
क	कुल जम्मा प्राप्ति		१९,६५,५४,८८८.९३		१९,६५,५४,८८८.९३	२१,२६,८२,७९८.८८		२१,२६,८२,७९८.८८
३	चालु		१२,२६,१५,०८९.३८	०	१२,२६,१५,०८९.३८	१२,०७,२८,६७६.६४	०	१२,०७,२८,६७६.६४
२१०००	पारिश्रमिक / सुविधा		६,२४,२५,९२२.३८	०	६,२४,२५,९२२.३८	५,८२,३६,८७६.६४	०	५,८२,३६,८७६.६४
२२०००	मालसामान तथा सेवाको उपयोग		३,९८,५५,०७४.००	०	३,९८,५५,०७४.००	५,२६,९९,५७६.००	०	५,२६,९९,५७६.००
२५०००	सहायता (Subsidy)		८४,०९,९७१.००	०	८४,०९,९७१.००	४१,६५,०००.००	०	४१,६५,०००.००
२६०००	अनुदान		१३,१२,६५०.००	०	१३,१२,६५०.००	१३,००,०००.००	०	१३,००,०००.००
२७०००	सामाजिक सुरक्षा		९१,११,४७२.००	०	९१,११,४७२.००	२७,२९,४२४.००	०	२७,२९,४२४.००
२८०००	अन्य खर्च		१५,००,०००.००	०	१५,००,०००.००	१५,९७,८००.००	०	१५,९७,८००.००
४	पूंजीगत		८,०१,७९,१५६.००	०	८,०१,७९,१५६.००	८,०५,४४,६४६.००	०	८,०५,४४,६४६.००
३१११०	भवन तथा संरचना		१,७६,७७,०२४.००	०	१,७६,७७,०२४.००	३,११,०९,६५७.००	०	३,११,०९,६५७.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२२,२०,६३७.००	०	२२,२०,६३७.००	८,४२,५००.००	०	८,४२,५००.००
३११३०	अन्य पूँजीगत खर्च		७१,२१,३५७.००	०	७१,२१,३५७.००	१,१९,७१,१४७.००	०	१,१९,७१,१४७.००
३११४०	सुरक्षा उपकरण		०	०	०	३,८०,०००.००	०	३,८०,०००.००
३११५०	सार्वजनिक निर्माण		५,२८,७६,९२३.००	०	५,२८,७६,९२३.००	३,४८,४१,३४२.००	०	३,४८,४१,३४२.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		२,८३,२१५.००	०	२,८३,२१५.००	०	०	०
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	११,००,०००.००	०	११,००,०००.००
३१२२०	मौज्दात सामानहरु		०	०	०	३,००,०००.००	०	३,००,०००.००
ख)	कुल जम्मा भुक्तानी		२०,२७,९४,२४५.३८		२०,२७,९४,२४५.३८	२०,१२,७३,३२२.६४		२०,१२,७३,३२२.६४
ग)	बचत /कमी (ग = क-ख)		(६२,३९,३५६.४५)		(६२,३९,३५६.४५)	१,१४,०९,४७६.२४		१,१४,०९,४७६.२४

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		३०,२०,४१७.००		३०,२०,४१७.००	५१,१४,१७२.००		५१,१४,१७२.००
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(३२,१८,९३९.४५)		(३२,१८,९३९.४५)	१,६५,२३,६४८.२४		१,६५,२३,६४८.२४
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,१९,९३,३५८.५३		२,१९,९३,३५८.५३	५४,६९,७१०.२९		५४,६९,७१०.२९
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१,८७,७४,४१९.०८		१,८७,७४,४१९.०८	२,१९,९३,३५८.५३		२,१९,९३,३५८.५३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षणः**

३.१ **वित्तीय विवरणको विश्लेषण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १,११,४८,९५२।०० एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.४,९१,५७,०००।०० गरिव सँग विश्वेश्वर कार्यक्रमको रु.४,१५,०००। शिक्षा तथा मानव विकास केन्द्र को रु १७,०४,०००।०० समेत गरी जम्मा रु. ६,२४,२४,९५२।०० सुत्रबाट सिर्जित एकीकृत वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन। सबै कारोवार एकीकृत वित्तीय विवरणमा समावेश हुने प्रणालीको विकास हुनुपर्दछ।

३.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ० , यस वर्षको प्राप्ति रु. ६,८९,१८,९१७.०४ ,यस वर्षको भुक्तानी रु. ६,५८,२९,९०७। र बैङ्क मौज्दात रु. ६८,५९३.०४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)	२,१९,९३,३५८.५३	१९,६५,५४,८८८.९३	२०,२७,९४,२४५.३८	१,८७,७४,४१९.०८
एकीकृत आर्थिक विवरणअनुसार	२,१९,९३,३५८.५३	२६,५४,७३,८०५.९७	२६,८६,२४,१५२.३८	१,८८,४३,०१२.१२
फरक	०.	-६,८९,१८,९१७.०४	-६,५८,२९,९०७।	-६८,५९३.०४

३.३ **बैङ्क मौज्दातः** सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) अनुसारको बैङ्क मौज्दात र एकीकृत आर्थिक विवरण अुनसारको बैङ्क मौज्दातबीच निम्नानुसार रु.६८,५९३.०४ फरक परेको सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	६८,५९३.०४

३.४ **हिसाव समायोजनः** एकीकृत आर्थिक विवरणअनुसार गतवर्षको जिम्मेवारी रु २,१९,९३,३५८.५३ यसवर्षको प्राप्ति रु २६,५४,७३,८०५.९७ सहित रु २८,७४,६७,१६४.५ को आय तयार भएकोमा हिसाव समायोजन रु ४९,२३१.१ भएकोमा एकिन गरि हिसाव समायोजनको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	४९,२३१.१

३.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	२,१४,०३,७१६.०८	१०६२६५३२।०८	१०७७७१८४.
चालु खर्च खाता	४१,६८,६९४.००	०	४१६८६९४.
पुँजीगत खर्च खाता	१९,२६,०१०.५३	०	१९२६०१०.५३
आन्तरिक अनुदान खाता		०	०.
विविध खर्च खाता	२५,४०६.९६	०	२५४०६.९६
विपद व्यवस्थापन खाता	३२,२००.०४	१३२२००.०४	-१००००० .
स्थानीय विभाज्य कोष			
कर्मचारी कल्याण कोष खाता		०	०.
धरौटी	८०,८४,२८०.००	८०८४२८०	०.
ग१.१, आन्तरिक राजस्व खाता	(१,६८,६५,८८८.५३)	०	-१६८६५८८८.५३
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता		०	०.
जम्मा रु	१,८७,७४,४१९.०८	१८८४३०१२	-६८५९३.०४

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४ **बजेट व्यबस्थापनः**

४.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बेरुजु वापत अनुमानित रू.१,३०,००,०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १७,९९,८७५।०० अर्थात अनुमानको १३.८५ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१९,४७,४९,०१३।	१७,९९,८७५।	०.९२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
आन्तरिक आय रू	५५,००,०००।	१७,९९,८७५।	१३.८४
जडिबुटी कर रू	५०,००,०००।		
सिफारिस दस्तुर रू	२५,००,०००।		
जम्मा रू	१,३०,००,०००।		

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। कर तथा शुल्क असुली अनुमान रू.१३०००००० रहेकोमा १३.८४ प्रतिशत मात्र अशुली हुनुकोकारण स्पष्ट हुनुपर्दछ।

४.४ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ। पालिकाले

आन्तरिक आय रु १७,९९,८७५। सुत्रमा लेखाङ्कन गरेको छैन जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को राजस्व मोडेल प्रयोग गरेको पाइएन अतः(सुत्र) को राजस्व मोडेल प्रयोग गर्नुपर्दछ ।

४.५ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।०८१ मा रू.२३ करोड ९५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४.६ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

सम्पत्ती	प्राप्त मिति	संख्या	खरिद/ प्राप्ति मूल्य	कैफीयत
घर जग्गाको क्षेत्रफल र संख्या सहित				
१. आधारभुत अस्पताल साईपाल ३०४५७९८. मि।	०९/१५/२०७७	१	निशुल्क	उपयोगमा रहेको
२. साईपाल गाउँपालिका साईपाल ३ कौडा (११६५ व.मि)	०३/२७/२०७६	१	निशुल्क	उपयोगमा रहेको
३. साईपाल गा पा ५ नं वडा कार्यालय (१३०८ व.मि)	०६/२४/२०८०	१	निशुल्क	उपयोगमा रहेको
४. साईपाल गा पा १ नं वडा कार्यालय (७०० व.मि)	०९/०२/२०८०	१	निशुल्क	उपयोगमा रहेको
५. साईपाल गा पा ३ नं वडा कार्यालय (६०० व.मि)	०९/१५/२०७७	१	निशुल्क	उपयोगमा रहेको
६. साईपाल गाउँपालिका कार्यालय (३३१५ व.मि)	२०८१/०२/३२	१	निशुल्क	उपयोगमा रहेको
७. साईपाल गा पा ४ नं वडा कार्यालय (१२०७व.मी)	१०/०५/२०७७	१	निशुल्क	उपयोगमा रहेको
८. साईपाल गा पा २ नं वडा कार्यालय (६०० व.मी)	१२/१०/२०७६	१	निशुल्क	उपयोगमा रहेको
सवारी साधन (१ लाखभन्दा बढी)	२०७९।०६।२०	१	३४९०००	चालु अवस्थामा रहेको
१. मोटरसाईकल				
उपकरण (१ लाख भन्दा बढी)	-	-	-	
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	-	-	-	
अतिक्रमणमा परेको जग्गा	-	-	-	
अतिक्रमण हटाउन गरेको प्रयास	-	-	-	

६ सेवा प्रवाह

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले स्थानीयवासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्याबधिक गरिनु पर्दछ। पालिकाबाट उपलब्ध विवरण अनुसार यस वर्ष प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

विवरण	सेवा प्राप्तिका लागि माग	सेवा संख्या
नागरिकता सिफारिस	५५	५५
नाता प्रमाणीत	२४	२४
अन्य सिफारिस	७३०	७३०

७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीको सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छन।

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आ.व. ०७३/७४ पछिको बेरुजुको लगत राखि अद्यावधिक गरेको पाइएन।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख स. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

• खर्च भुक्तानी दिँदा सम्बन्धितको खातामा भुक्तानी नगरी कर्मचारी तथा जनप्रतिनिधिको नाममा सोधभर्ना भुक्तानी गर्ने गरेको पाइयो।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

८ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत बाहेक १८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित २० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

९ करार कर्मचारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लिखित पदमा बाहेक निम्न कर्मचारी नियुक्त गरी तलबमा रू ५५,८९,७९०।०० भुक्तानी गरेको पाइयो। तसर्थ रिक्त दरबन्दीको पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्नु पर्दछ।

पद	नियुक्ती संख्या	तलब रू.
अ हे ब	८	२८,१८,०१०
अ न मी	६	२०,३३,७२०
ल्याव असिस्टेण्ट	२	७,३०,८६०

१० महोत्सव तथा अन्य खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर गाउँपालिकाले यस वर्ष ३८ वटा उत्सव ,महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रू. १३७१५००।०० खर्च गरेको छ ।यस प्रकारको अनुत्पादक खर्च नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ। यस प्रकारका व्यहोरा गत विगत वर्षहरुको प्रतिवेदनमा औल्याइएकोमा सुधार भएको छैन।

सि नं	भौचर नं मिति	व्यहोरा	रकम रू.
1.	पूजिगत ३३।०८०।८।२१	धुली चौदसि मेला	५६०००
2.	चालु ४०७।०८१।३।२४	तीज कार्यक्रम	४३५००
3.	४१०।०८१।३।२४	तीज कार्यक्रम	४३५००
4.	४१२।०८१।३।२४	धुली मेला व्यवस्थापन	८७०००
5.	१११।०८०।९।१	तीज कार्यक्रम	७००००
6.	३९४।०८१।३।२०	काँडा मा वि मेला व्यवस्थापन	८७०००
7.	४१२।०८१।३।२३	धुली मा वि मेला व्यवस्थापन	८७०००
8.	४१०।०८१।३।२२	तीज कार्यक्रम	४२३००
9.	पूजिगतको विभिन्न १३ भौचरबाट	आर्थिक सहायता	४७००००
10.	चालुका विभिन्न १७ भौचरबाट	आर्थिक सहायता	३८५२००
	जम्मा		१३७१५००

११ रसिद नियन्त्रण खाता

पालिकाले रसिद नियन्त्रण खाता राखेको भए तापनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म. ले. प. फा. नं. ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली, यस वर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। पालिकामा यस वर्ष कुल राजश्व रू.१७,९९,८७५ उठेको छ। वडा नं. ३ को नगदि रसिद नं. ४८०६ मा सेतो रसिद च्यातिएको र रातो रसिदमा रकम उल्लेख नहुनाले यस वर्षको राजश्व रकम यति नै हो भन्ने यकिन गर्न सकिएन। राजस्व सम्बन्धी अभिलेख अद्यावधिक हुनुपर्दछ।

१२ राजश्वको अभिलेख

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्वको अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिका र वडा कार्यालयमा प्रयोग भएका ठेलीहरु के कति छपाइ एंव प्रयोग भए सो को पुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ व को बाँकी रसिद ठेलीहरु के कति प्रयोग भएका यकिन गर्न सकिएन। म. ले. प. फा. नं. (१०१ - ११८) को स्वीकृत ढाँचामा राजश्वको अभिलेख राख्नुपर्नेमा सो राखिएको पाइएन। कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण र राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ।

१३ आन्तरिक लेखापरीक्षण

१३.१ **बोलपत्र मूल्यांकन समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ अनुसार बोलपत्र मूल्यांकन समितिमा खरिद एकाई प्रमुख सहित ५ जनाको समिति रहने उल्लेख भएकोमा अनियमित ढंगले ७ जनाको समिति बनाई भौचर नं २९, ११८ र २९४ निम्न व्यक्तिलाई भएको भत्ता भुक्तानी रकम असुल गर्नुपर्ने रू.

पद	व्यक्तिको नाम	रकम
सुचना प्रविधि अधिकृत	मुकेश बहादुर थापा	१५,१००
अ. स . ई	भेषराज जोशी	१५,१००
जम्मा		३०,२००

असुल गर्नुपर्ने	३०,२००

१३.२ **ब्ल्याङ्केट वितरण भरपाई:** अपाङ्ग सुरक्षा सञ्चलन समितिको नाममा शंकर धामीले ४७ वटा ब्लयाङकेट खरिद तथा ढुवानी गरेबाफत रकम रू.२,३३,३४२। भुक्तानी भएको देखियो। ४७ ब्लयाङकेट मध्ये ४५ वटा मात्र वितरण गरेको भरपाई प्राप्त भएकोमा २ वटा ब्ल्याङकेट वितरण गरेको जिन्सि मौज्दातको प्रमाण पेश गरेको छ।

प्रमाण पेश नगरेको	६,४००

१४ **परामर्स तथा डी पी आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

क्र.सं.	**बजेट उपशीर्षक**	**खर्च**				**खरिद विधि**				**कार्यन्वयमा गएको**			
		गत वर्ष		**यो वर्ष**		**सिलबन्दी दरभाउपत्र**		**सिधै वा आसयपत्र**		**गत वर्ष**		**यो वर्ष**	
		संख्या	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**
१		३	२९८९९८१	२	१४९१३१७	५	४४८१२९८	-	-	-	-	-	-

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

१५ **मूल्य अभिवृद्धिकर दाखिला**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू. अ. कर रकमको ३० प्रतिशत सम्बन्धित राजश्व शिर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर गाउँपालिकाले गोश्वारा भौचर नं. ९३।०८०।१२।१३ बाट तामाङ निर्माण सेवालाई मु. अ. कर रू.३४,३५८.४२ सहित कुल जम्मा रू.९,९३,९०७। भुक्तानी सम्बन्धित बिक्रेतालाई नै भुक्तानी दिएको पाइयो।नियमावली बमोजिम ३० प्रतिशत मु. अ. कर दाखिला गर्नुपर्नेमा सम्बन्धित बिक्रेतालाई नै भुक्तानी दिएकोले उक्त भुक्तानीको मु.अ. कर समायोजन पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	३४,३५८.४२

१६ **भरपाई बेगरको खर्च**

शिक्षा सह संयोजक ज्ञान बहादुर बोहराले गापा को जिल्ला स्तरीय रनिङसिल्ड प्रतियोगितामा विद्यार्थि ओहोरदोहोर गर्दा भौचर नं २३८ र ११८ बाट दुई पटक गरी जम्मा रु.१,१७,३५४ गाडी भाडा गाडी धनि विकास ओखेडा संग भएको सम्झौता बमोजिमको वितरण

भरपाई पेश नभएकोले प्रमाण पेश हुनपर्ने रु.

प्रमाण पेश नगरेको	१,१७,३५४

१७ **पेश्की व्यवस्थापनः**

पेश्की बाँकी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रू.१८४०००० बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रू.१००००० फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रू.

पेश्की गएको मिति	प्रयोजन	पेश्की लिनेको नाम	फछ्र्यौट गर्नुपने मिति	म्याद नाघेको पेश्की	मोबिलाइजेशन पेश्की
२०८१/०२/३२	कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम	साईपाल बिकाश समाज		१,००,०००	
२०८१/०३/२४	गाउपालिका प्रशासकिय भवन निर्माण	पि टि -मिलन (J/V)	APG को म्याद २०८१।९।२९ रा वा बै		१७,४०,०००

पेश्की	१,००,०००

१८ **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमः पूंजीगत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची १ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ सम्म कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख छ। पालिकाले सम्झौता रकम रू.१४७३३१०५ को कन्टिजेन्सी खर्च ४ प्रतिशतले रू.५८९३२४ खर्च गर्न पाउनेमा रू.१२३५५८८ खर्च गरेको नियमावली भन्दा बढि खर्च गरेको रकम नियमित हुनुपर्दछ।

नाम	बिनियोजन	निर्माण ब्यबसायी/ उसको नाम	खर्च	कन्टिजेन्सी खर्च
दोदले खोला झो.पु,कौदयाल कोग्याली		बिभिन्न	२५५७९६३	४१४२१२
काँडा खानेपानी निर्माण	५०,००,०००	काडा खानर्पानि निर्माण उपभोक्ता समिति	४७५१३५२	२४५१६६
जाडलेक धलौन काँडा जोडने सडक निर्माण	८०,००,०००	तामाङ निर्माण सेवा	७४,२३,७९०	५७६२१०
जम्मा रू.			१४७३३१०५	१२३५५८८

अनियमित भएको	६,४६,२६३

१९ **पुजिगत कार्यः**

१९.१ **वीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ। यसरी वीमा नगराई नियमावलीले गरेको

व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाई वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

१९.२ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

कार्यक्रम/योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**			
		शून्य प्रगति	**२५%सम्म प्रगति**	**५०% सम्म प्रगति**	**७५% सम्म प्रगति**
कार्यक्रम संख्या	८१	०	०	०	८१

१९.३ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.८,०१,७९,१५६। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१९.४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	१,११,८४,५००.००	८८,७३,२३९.००	७९.३४
२	पूर्वाधार विकास	७,६९,७६,०००.००	६,४४,६९,२०८.००	८३.७५
३	सामाजिक विकास	७,२१,६२,१५०.००	६,६३,२८,३०१.००	९१.९२
४	बातावरण तथा विकास			
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३५,३६,०००.००	३५,०३,५५०.००	९९.०८
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	७,५६,४३,५००.००	५,९६,१९,९४७.३८	७८.८१
जम्मा		२३,९५,०२,१५०.००	२०,२७,९४,२४५.३८	८४.६७

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबैभन्दा बढी 99.08 प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा 78.81 प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना तर्जुमा गरी सोही अनुसार क्षेत्रगत बजेट खर्च सन्तुलनमा राख्नुपर्दछ।

खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.१७९९८७५, राजस्व बाँडफाँड र अनुदानबाट रू.१९४७४९०१३।९३ समेत रू.१९,६५,४८,८८८.९३ आम्दानी भएकोमा चालु तर्फ रू.१२,२६,१५,०८९ र पूँजिगत तर्फ रू.८,०१,७९,१५६ र वित्तीय ब्यबस्था तर्फ रु ० समेत रु २०,२७,९४,२४५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको ०.९२ हिस्सा प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रू.५१,०४,५०० खर्च भएको छ जुन आन्तरिक आयको २८३.६३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.४६ प्रतिशत चालु र ३९.५३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।

यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१९.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पुँजीगत खर्चतर्फ	८,०१,७९,१५६.	२२,४१,९०८	१९४८९९५७	६३३९०६८	५२१०८२२३	४,८५,३१,६२३
प्रतिशत		३	२४	८	६५	६१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ८,०१,७९,१५६। निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.२२,४१,९०८ (३ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१९४८९९५७ (२४ प्रतिशत) तेस्रो त्रैमासिकमा रू.६३३९०६८ (८ प्रतिशत) र चौथो त्रैमासिक रू.५२१०८२२३ (६५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रू.४,८५,३१,६२३ (६१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१९.६ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २३२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	३	३	०	०
२.	वडास्तरीय	७८	२	१९	५७

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१९.७ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन

लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **मल्य अभिबृद्धि करः**

मूल्य अभिवृद्धि कर कट्टी – मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु ८७८२३.कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

गौ भौ	निर्माण ब्ययबसायीको नाम	मुअकर नम्वर	भुक्तानी	मुअकर	३० प्रतिशत मुअकर
११	साईपाल इन्जिनियरिङ्ग कन्सलटेन्सी	६१९९५०६२४	४९६३५२	५७१०२	१७१३१
१६	सिद्दार्थ ईन्जिनियरिङ बक्स	३०२३२५७०६	५,८५,००७	६७३०१	२०१९०
३६	पूवार हार्डवेयर एण्ड सप्लायर्स	६१२१५०१०८	७१५७२९	८२३४८	२४७०४
८ एकीकृत स्वास्थ्य	सगुन ट्र्डर्स अर्डर एण्ड सप्लार्यस८५	६००२६८७२३	७४७४९३	८५९९५	२५७९८
जम्मा रु					८७८२३

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु

प्रमाण पेश नगरेको	८७,८२३

२१ **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम : पूंजीगत**

२१.१ **बढी भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्च लेख्दा विल भरपाई तथा खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। जाडलेक धलौन साईपाल गाउपालिका जोडने सडक निर्माण NCB/SRM/03/2080/81 निर्माण ब्यबसायी तामाङ्ग निर्माण सेवा लाइ गौश्वरा भौचर ३५।२०८१।३।२४ बाट रू.४८९९७८० र गाँउपालिका पुँजिगतबाट गौश्वरा भौचर २२६।२०८०।३।२४ बाट रू.४७,३४,००० सहित भुक्तानी रू.९६३३७८० भएको छ। सम्झौता रकम रू.९६०४०३२ मु.अ.कर तथा पि.एस. रकम सहित रहेकोमा भुक्तानी रू.९६३३७८० भएबाट बढी भुक्तानी भएको रू.२९७४८ अशुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	२९,७४८

२१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा खरिद सम्झौता भएपछि सार्वजनिक निकायले त्यस्तो समिति उपभोक्ता समितीलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सकिनेछ।पालिकाले सम्झौता रकमको एक तिहाई भन्दा बढी रकम अग्रिम रुपमा पेश्की उपलब्ध दिएको छ। अतः बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिने कानुनी प्राबधानको कार्यान्वयन हुनुपर्दछ। केहि उदाहरण निम्नानुसार छन।

नाम	बिनियोजन	उसको नाम	खर्च	पेश्की	पेश्की प्रतिशत
चिउने देखि तालिवन सम्म घोरेटो बाटो साईपाल २	१००००००	चिउनादेखि तलिवन सम्म घोरेटो बाटो निर्माण उ स	८,६९,९०४	४७५०००	५५
जिमा आधारभुत स्वास्थे केन्द घेरवार सैपाल २	७०००००	जिमा आधारभुत स्वास्थे घेरवार निर्माण	६,१५,८००	३५००००	५७

२१.३ गाउँपालिका प्रशासकिय भवन निर्माण पुरानोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्च लेख्दा विल भरपाई तथा खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। गौश्वरा भौचर मिति १८।२०८१।३।१३ गाउँपालिका प्रशासकिय भवन निर्माण पुरानोको प्राबिधिक मुल्यांकन रू.७६८५१५ र निर्माण ब्यबसायिले जारी गरेको कर बिजक रू.७६८५१५ जारी भएकोमा भुक्तानी हुदा निर्माण ब्यबसायी मिलन निर्माण सेवा लाइ भुक्तानी रू.८,४३,५१५ भएकोले बढी भुक्तानी भएको रकम अशुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	७५,०००

२१.४ **सक्कल बिजक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्च लेख्दा विल भरपाई तथा खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। निम्नानुसार निर्माण कार्यमा पिएस आइटम को सक्कल करबिजक जारी गर्नुपर्नेमा सक्कल कर बिजक जारी नभएकोले सक्कल करबिजक जारी हुनुपर्ने अन्यथा अशुल हुनुपर्ने रू.

गौश्वरा भौचर।मिति	निर्माण ब्यबसायीको नाम	पिएस बिबरण	रकम
३५।२०८१।३।२४	तामाङ्ग निर्माण सेवा	relocation of services	३००००
१८।२०८१।३।१३	मिलन निर्माण सेवा	पिएस आइटम	७५०००

प्रमाण पेश नगरेको	१,०५,०००

२१.५ **कन्टिजेन्सी खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची १ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ सम्म कन्टिजेन्सी खर्च गर्न सकिने उल्लेख छ।पालिकाले सम्झौता रकम रू.१०४०९५९३ को कन्टिजेन्सी खर्च ४ प्रतिशतले खर्च रू.४१६३८३ खर्च गर्न पाउनेमा रू.१२६८४९० खर्च गरेको नियमावली भन्दा बढि खर्च गरेको रकम नियमित हुनुपर्दछ।

योजनाको नाम	बिनियोजन	उ.स.को नाम	खर्च	कन्टिन्जेन्सी
चिउने देखि तालिवन सम्म घोरेटो बाटो साईपाल २	१००००००	चिउनादेखि तलिवन सम्म घोरेटो बाटो निर्माण उ स	८,६९,९०४	६०९००
जिमा आधारभुत स्वास्थे केन्द घेरवार सैपाल २	७०००००	जिमा आधारभुत स्वास्थे घेरवार निर्माण	६,१५,८००	५७८००
न्युना भवानि आ वि घेरापर्खाल निर्माण सैपाल ५	७०००००	भवानी प्रा वि	६,१५,६६०	८२५००
साना सिचाई निर्माण तथा मर्मत सम्भार	९०००००	बिभिन्न	८२४९३४	७४३००
गाउपालिका प्रशासकिय भवन निर्माण साईपाल गापा काँडा	४५०००००	०	०	१,३९,५०२
गाउपालिका प्रशासकिय भवन निर्माण	५००००००	पि टि -मिलन (J/V)	२५८३५१५	७५३२६८
जाडलेक धलौन साईपाल गाउपालिका जोडने सडक निर्माण	५००००००	तामाङ निर्माण सेवा	४८,९९,७८०	१००२२०
जम्मा रू.				१२६८४९०

अनियमित भएको	८,५२,१०६

२२ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ मा स्वीकृत जिल्ला दररेट र नर्म्स अनुसार लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न गरी भुक्तानी गर्नुपर्दछ। जोकन्ते खोला लघु जलविद्युत आयोजनाको उपभोक्ता समितिलाइ भौचर नं ७४।०८०।९।१२ बाट रू.६६५०००।०० भुक्तानी भएकोमा निम्न आइटममा दर विश्लेषणमा भएको भन्दा बढी दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रू.२५५४६।७७ असूल हुनु पर्ने रू.

विवरण	परिमाण	भुक्तानी दर	दर विश्लेक्षणको दर	बढी दर	बढीरकम
Pcc 1:2:4 c\m	8.01cum	38322,27	35132.91	3189.36	25546.77

असुल गर्नुपर्ने	२५,५४६.७७

२३ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ मा स्वीकृत जिल्ला दररेट र नर्म्स अनुसार लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न गरी भुक्तानी गर्नुपर्दछ। भवानी प्रा. वि. भवन निर्माण गरी भौचर नं १०४।०८१।१।२ बाट रू.१९००००। भुक्तानी भएकोमा निम्न आइटममा दर विशणमा भएको भन्दा बढी दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनु पर्ने रू.

विवरण	परिमाण	भुक्तानी दर	दर विश्लेक्षणको दर	बढी दर	बढी दर
20mm plaster	48sqm	1107.92	1032.29	75.23	3611.04
Painting works	48sqm	340.44	238.52	101.92	4892.16
जम्मा					8503.2

असुल गर्नुपर्ने	८,५०३.२

२४ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको कक्षा १ देखि १० सम्म जम्मा ११३५ विद्यार्थी रहेकोमा कूल शिक्षक ५८ जना कार्यरत रहेको विवरण पेश भएको छ। शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

सि.नं.	विद्यालयको तह संख्या	स्थायी	अस्थायी	राहत	शिक्षण सिकाइ अनुदान	निजी स्रोत	अनुपात
१	९	११	०	६		४१	१:२०

२५ **समानीकरण अनुदानबाट शिक्षकको तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४१ जना स्वयंसेवक शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रू.३९,७९,३२०। तलब भुक्तानी नी गरेको पाईयो। अत: दरबन्दी स्वीकृत वेगर शिक्षक भर्ना गरी तलब भुक्तानी गर्ने कार्य नियम विपरित भएकोले दरबन्दी मिलान गरी स्वीकृत दरबन्दी अनुसार तलब खर्च लेख्नुपर्दछ।

२६ **वैदेशिक भ्रमण**

दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्दछ। यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा रू.२५००००। खर्च भएको देखिन्छ। यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन। अत: नियमानुसार स्वीकृती लिएर बैदेशिक भ्रमणमा जानु पर्ने देखिन्छ।

सि.नं.	बैदेशिक भ्रमणमा जानेको पद र नाम	भ्रमण गरेको देश	भुक्तानी रकम
१	उपाध्यक्ष डोल्मा तामाङ्	चीन	२५००००

२७ **कानूनी सल्लाहकार**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। तर गाउँ प्रमुख तथा उप प्रमुखका लागि दमन बहादुर भण्डारीलाई कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु २५०००।०० ले ६ महिनाको कुल रु.१५००००। ०० भुक्तानी भएको छ। कानून बमोजिम राख्न नमिल्ने कर्मचारी राखी खर्च लेखेको नियसम्मत नदेखिएको रू.

असुल गर्नुपर्ने	१,५०,०००

२८ **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २५४ जना रहेका छन। पालिकाले भद्र पशुपति प्याड उद्योगबाट ३४२८ पाकेट स्यानिटरी प्याड रु.२३९९७२।००(मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्क्रमको लागि नेपाल सरकारको रू.२७०००००।०० र विश्व बैकको रू.४४०००००।०० समेत कूल रू.७१०००००।०० बजेट व्यवस्था भएकोमा नेपाल सरकार तर्फ रू.२६७०५७४।०० र विश्व बैक तर्फ रू.४३२९७३४।०० समेत कूल रू.७०००३०९।०० खर्च भएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छ। पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो निर्माण तथा मर्मत, विद्यालयका पर्खाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष पालिकामा कूल ४९१ बेरोजगार सूचिकृत रहेकोमा ९ योजनामा १०५ जनालाई रोजगारी उपलव्ध गराई रू.७३८५६००।०० पालिकामा बैंक नरहेको जनाइ नगदै ज्याला खर्च वितरण गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला भुक्तानी गरेको छ भने प्रशासनिक र कार्यक्रम खर्च समेत कूल रू.७०००३०९।०० खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन। अत:दीर्घकालिन रोजगारी सृजना गर्ने गराउने तर्फ ध्यानाकर्षण हुनु पर्दछ।

३० सामाजिक सुरक्षा

भत्ता वितरण सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ परिच्छेद ७ को दफा २५ मा बैँकिङ प्रणाली मार्फत भत्ता वितरण गर्ने र बैँकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम बैँङ्क खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १२ बमोजिमको त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाबाट पालिका रहेको ठाउमा बैँकको शाखा नरहेको बापत नगदै रू.१,१२,२३,९६५ भत्ता वितरण गरेको पाइयो।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : साईपाल गाउँपालिका, बझाङ , साइपाल गाउँपालिका , बझाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राधाकृष्ण जोशी	२०७५-१२-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	पवन प्रकाश भट्टराई	२०७६-९-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३१८,९९७.९७	१,४९८,३६९	४६८,७५९.५६	०	०	१००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२,३८६,१२६.५३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२,३८६,१२६.५३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१९९३३५८.५३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१३४४९०७६५.२	चालु खर्च	१२२६१५०८९.३८
प्रदेश सरकारबाट अनुदान	१४६३७०८३	पूँजीगत खर्च	८०१७९१५६
राजश्व बाँडफाँट	४७४२१०४०.७३	वित्तीय/अन्य व्यवस्था	६५८२९९०७
आन्तरिक आय	१७९९८७५.०		
अन्य आय	६७१२५०४२.०४		
कुल आय	२६५४७३८०५.९७	कुल खर्च	२६८६२४१५२.३८
बाँकी मौज्दात		१८८४३०१२.१२	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्ति पश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।